# शारदा नगरपालिकाको ११ औं नगरसभामा
# प्रस्तुत आ.व. २०७९।०८० को
# नीति तथा कार्यक्रम

शारदा नगरपालिका

खलंगा, सल्यान

असार १०, २०७९

आदरणीय नगर सभाका सदस्यहरु,

शारदा नगरपालिकाको भाग्य र भविष्य बोकेको शारदा नगरपालिका सल्यानले आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभासमक्ष प्रस्तुत गर्न मैले पाउँदा गौरवको अनुभूति गरेको छु । यस अवसरमा मुलुक र जनताको हक अधिकार , समन्याय, सुशासनका लागि आफ्नो प्राणको बलिदान दिएर जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली एवम् हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

समयको परिवर्तनसँगै नेपाली जनताले आम समुदाय , मुलुकको हक अधिकार, भाग्य र भविष्यका लागि गरेको अथक प्रयास ,आन्दोलन, संघर्ष, त्याग, वलिदानको परिणामस्वरुप संवैधानिक अधिकार एवम् उपलब्धिहरुको समग्र रक्षा र कार्यान्वयनका लागि हामी सबै उत्तिकै जिम्मेवार र सजग हुनुपर्दछ । म ब्यक्तिगत रुपमा यसतर्फ भगिरथ प्रयत्न गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु । साथै आम शारदा नगरवासीहरुको सामुहिक प्रयत्नबाट मात्र हामी सबैले अपेक्षाकृत उपलब्धी तथा समृद्धि प्राप्त गर्ने कुरा स्मरण गराउन चाहन्छु ।

नेपालको संविधान २०७२ को भावना अनुसार निर्मित ऐन, कानुन, नियम, बिनिमय तथा स्थानीय सरकार संचालन ऐन २०७४ लाई केन्द्रविन्दुको रुपमा राखेर शारदा नगरपालिका को समष्टिगत बिकास गर्ने नीति अवलम्बन गरिने छ । नेपालको संविधान २०७२ को प्रस्तावनामा उल्लेख भए अनुसार आर्थिक समानता , समृद्धि , सामाजिक न्याय सुनिश्चित गर्नको लागि समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पका साथ जीवन र जगतका ४ खम्बाहरु दिगो शान्ति , सुशासन , विकास र समृद्धिको माध्यमबाट प्रभावकारी र गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गरिने सबै शारदा नगरवासीहरुमा अनुरोध गर्दछु । स्थानीय सरकार आम जनताको ढोकाको सरकार **(Government of the door)** हो । तसर्थ, शारदा नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सार्वजनिक सेवाहरु आमजनताहरुमा सर्वसुलभ रुपमा प्रदान गर्ने संकल्प गर्दछु । जसको उदाहरणको रुपमा अति अशक्त जेष्ठ नागरिक र पूर्ण अपाङ्ग व्यक्तिहरुलाई वितरण गरिएको सामाजिक सुरक्षा भत्ता एक प्रतिनिधिमूलक सेवा हो । त्यसै गरेर विगत बर्षहरुमा नागरिकता प्रमाणपत्रको सिफारिसका लागि लिइदै आएको नागरिकता सिफारिस नि:शुल्क गरेको छु ।

मूलत : शारदा नगरवासीहरुसङ्ग सम्बन्धित बहुआयामिक समस्याहरू एवम् विशेष गरेर खाना, नाना, छाना, शिक्षा, स्वास्थ्य, जनस्रोत विकाससँग गाँसिएका बिषयबस्तुलाई प्राथमिकिकरण गरेर योजना बनाई कार्यान्वयन गरिने छ ।

सीमित स्रोत साधनको कारणले जनताका अपेक्षाकृत ईच्छा, चाहाना, आवश्यकता लगायतका बहुआयामिक विषबस्तुलाई पूर्ण समेट्न सक्ने अवस्था तत्कालिन रुपमा देखिदैन तापनि **'हाम्रो रहर : समृद्ध शारदा नगर'** बनाउनेतर्फ हाम्रो दिब्य-दृष्टि र दृष्टिकोणले निकट भविष्यमा नै साकार रुप लिने कुरामा आशावादी छु । **शारदा नगरपालिकाको विकास : आम नगरवासीको सहयोग अनि साथ ''** भन्ने मूल नाराका साथ 'थोरै लागानी : उच्च उपलब्धि' **(Low cost : High Achievement)** तर्फ विशेष जोड दिने कुरा समेत जोड्न चाहन्छु ।

आदरणीय नगरसभाका सदस्यहरु,

यस शारदा नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयलाई आधार लिएको छु ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- उपलब्ध स्रोत साधन
- राजस्व संकलन तथा परिचालन मार्गदर्शन
- विकासका अन्तरसम्बन्धित बिषयहरु
- संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु
- स्थानीय विविधता विशिष्टता र नागरिकको आवश्यकता
- निर्वाचनको समयमा नागरिक समक्ष गरिएका घोषणा र प्रतिवद्धता आदि ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

अब म आगामी आ.व.२०७९/०८० मा शारदा नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## स्वास्थ्य क्षेत्र

१. **"हाम्रो स्वास्थ्य, राम्रो स्वास्थ्य"(Our Health, Good Health)** मध्यनजर गरी सबै वडाहरुमा विशेषज्ञसहितको घुम्ती स्वास्थ्य शिविर संचालन गरिने छ ।

२. . **'गुणस्तरीय स्वास्थ्य सेवा : नागरिकको अपेक्षा'** भन्ने मान्यताका आधारमा १५ वटै वडामा स्वास्थ्य संस्था स्थापना गरिने छ । स्वास्थ्य संस्थामा नगर स्वास्थ्य केन्द्र, प्रसुती केन्द्र र प्रयोगशाला बिस्तार गरिने छ ।

३. १५ वटै वडाहरुमा बसोबास गर्ने जेष्ठ नागरिक तथा शारीरिक अपागंता भएका व्यक्तिहरुलाई टोल बस्तीमा पुगेर निःशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईने छ ।

४. **"स्वस्थ आहार, स्वस्थ विचार, स्वस्थ्य व्यवहार"** लाई ध्यानमा राखी नगरका प्रमुख स्थानहरुमा **Meditation Centre** संचालन गरिने छ ।

५. सबै स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा कार्यक्रम संचालनमा ल्याई नगरवासीहरको आकस्मिक स्वास्थ्य सेवाको पहुंचलाई सुनिश्चितता गरिने छ ।

६. १५ वटै वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रदान गर्दै आएको यातायात प्रोत्साहन सुविधालाई निरन्तरता दिइने छ ।

७. शारदा नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई समायानुकुल स्तरोन्नति गरी स्रोतसाधन सम्पन्न बनाइने छ ।

८. विद्यालय स्वास्थ्य शिक्षा सेवा तथा नर्सिङ्ग सेवा कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

९. राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी नगरबासीको स्वास्थ्य बिमालाई सुनिश्चित गरिने छ ।

१०. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाइने छ ।

११. नगरवासीहरुको जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको साथै सचेतना कार्यक्रम (Awareness Programme) हरु संचालन गरिने छ ।

१२. मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति तयार गरी विभिन्न किसिमका प्रवर्द्धनात्मक, रोकथाम र उपचारात्मक सेवाको व्यवस्था गरिने छ ।

१३. प्रजनन स्वास्थ्यको कार्यक्रमहरु निरन्तर रुपमा अगाडि बढाउदै लगिनुका साथै मातृ तथा नवशिशु कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१४. आकस्मिक स्वास्थ्य सेवामा टेवा पुऱ्याउन एम्बुलेन्स सेवाको उचित व्यवस्था गरिने छ ।

१५. अकस्मात आइपर्ने महामारी नियन्त्रण, रोकथाम एवं विपद व्यवस्थापन पुर्व तयारीको उचित व्यवस्था मिलाइने छ ।

१६. १५ वटै वडाहरुमा सुनौलो १००० दिनका महिला तथा बालबालिकाहरुको लागि पोषण कार्यक्रम सञ्चालन गर्न जोड दिईनेछ साथै नगरवासीको पोषण स्थिति सुधारका लागि पोषणसम्बन्धि विविध कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१७. सवै स्वास्थ्य संस्था/वडा कार्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रदर्शनी कक्षको साथै निःशुल्क स्यानिटरी प्याडको व्यवस्था मिलाइने छ ।

१८. स्वास्थ्य सूचना प्रणालीलाई गुणस्तरीय बनाई नगरपालिकाको स्वास्थ्यसम्बन्धि नीति, योजना र रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिने छ ।

**शिक्षा क्षेत्र**

१९. समृद्ध शारदा नगरपालिकाका लागी नगरवासिलाइ खुसि बनाउन आवश्यक स्वावलम्बी, सीपमुलक, व्यावसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासका लागी योगदान गर्ने शारदा नगरपालिकाको शिक्षाको दिर्घकालिन सोच बमोजिम विद्यालय उमेर समूहका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरिने छ ।

२०. सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिइने छ ।

२१. शारदा नगरपालिकाको पञ्चवर्षिय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८३ को लक्ष्य बमोजिम शारदा नगरपालिकाको पञ्चवर्षिय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८३ कार्यान्वयनमा ल्याइनेछ ।

२२. **बालकेन्द्रित शिक्षा मार्फत पठन सीपमा सुधार, शारदाको शिक्षामा नवप्रर्वतनको बलियो आधार** भन्ने नारा सहित नव प्रवर्तन साझेदारी कोषसँगको साझेदारीमा गुणस्तरिय सिकाइका लागी बालकेन्द्रीत शिक्षा **(Child Centered Education for Quality Learning – CCL)** आयोजना संचालन गरिनेछ । साथै प्रारम्भिक बाल विकास शिक्षा समूहका बालबालिकाहरुको सिकाइमा वृद्धि गर्नको लागि ELDS कार्यक्रम संचालन गरिने छ र सोको लागि बजेट विनियोजन गरिने छ ।

२३. सामुदायिक विद्यालयका प्रारम्भिक कक्षाहरूमा बालमैत्री बसाइ व्यवस्थापन, कक्षाकोठामा भित्ते लेखन,शिक्षक तालिम, विद्यालयको गुणस्तर सुधारको सुनिश्चित गरिनेछ ।

२४. सवै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गरिनेछ ।

२५. सबै तहका बालबालिकाहरूका लागि समतामूलक, सान्दर्भिक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित तथा सहभागिता वृद्दी गरि शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाइने छ ।

२६. सार्वजनिक विद्यालयमा न्यूनतम पूर्वाधार निर्माण कार्य सम्पन्न गरिनुका साथै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, बालमैत्री, समावेशी र सुरक्षित बनाइने छ ।

२७. गुणात्मक शिक्षा प्रदान गर्नका लागी शिक्षामा आधुनिक नवप्रविधियुक्त भौतिक निर्माणमा जोड दिइने छ । बालमैत्री विद्यालयका लागी कक्षाकोठा निर्माण, जिर्ण कक्षाकोठा पुर्ननिर्माण, सरसफाइयुक्त शौचालय र धारा पुर्ननिर्माणमा जोड दिइने छ

२८. सीमान्तकृत समुदायका बालबालिका, अपांगता भएका तथा पिछडिएका समुदायका वालवालिकालाई आवश्यक शैक्षिक सामाग्री र छात्रवृत्ति प्रदान गरिने छ ।

२९. स्थानीय पाठ्यक्रम निर्माण गरी मानसिक स्वास्थ्य सम्बन्धी विषय समावेश गरि प्रत्येक विद्यालयमा बालबालिकाहरूलाइ मनोपरामर्श सेवा उपलव्ध गराइने छ ।

३०. बालबालिकाको मानसिक स्वास्थ्य तथा तनाव व्यवस्थापनका लागी त्रिपक्षीय छलफल कार्यक्रम गरिने छ ।

३१. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सीपयुक्त प्राविधिक तथा दक्ष जनशक्ति उत्पादन गर्नको लागि स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा संयन्त्र विकास गरिनेछ ।

३२. सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गरिने छ ।

३३. आधारभूत तहदेखि नै विद्यालयमा ल्यापटप, प्रोजेक्टर, स्मार्ट वोर्ड, ट्यावलेटको प्रयोग मार्फत प्रविधिमैत्री सिकाईमा जोड दिइनेछ ।

३४. गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गरिने छ ।

३५. शिक्षकहरूको पेशागत विकासमा सहयोग पुर्याउन शिक्षकहरूलाई समय सापेक्ष तालिमहरू प्रदान गरिने छ ।

३६. शिक्षकको पेशागत क्षमता विकासका लागि विषयविज्ञसहितको अनुगमन तथा कक्षा सुपरिवेक्षण समिती गठन गरिने छ ।

३७. शारदा नगरपालिकाभित्रका सम्पूर्ण निरक्षर व्यक्तिहरुलाई पूर्ण साक्षर बनाई पूर्ण साक्षरयुक्त नगरपालिका निर्माण गर्न सामुदायिक सिकाई केन्द्रमार्फत नव शारदा साक्षरता कार्यक्रम संचालनमा ल्याइने छ ।

३८. सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि तथा बालबालिकाहरुको सर्वाङ्गिण विकासगर्नका लागि विद्यालय र नगर स्तरिय अतिरिक्त क्रियाकलापहरु संचालन गरिने छ ।

३९. प्राकृतिक विपद, महामारी लगायतका समयमा बालबालिका,शिक्षक तथा अभिभावकमा देखिने डर,त्रास लगायतको मनोसामाजिक समस्यालाई सम्वोधन गरी पूर्ववत अवस्थामा ल्याउनको लागि जनशक्तिको विकास र परिचालन गरिने छ ।

४०. सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा थप सुधार गर्न प्रदेश तथा संघसंग समन्वय गरी विद्यार्थी सिकाई उपलव्धिको आधारमा विषयगत शिक्षकलाई प्रोत्साहन गरिनेछ ।

४१. नगरपालिकामा नतिजाका आधारमा उत्कृष्ट विद्यार्थी र विद्यालय, कार्य सम्पादनका आधारमा उत्कृष्ट शिक्षक र कर्मचारीलाई सम्मान तथा पुरस्कृत गरिने छ।

४२. शिक्षण सिकाइलाई प्रभावकारी बनाउन प्रत्येक विद्यालयका प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता गरिनेछ ।

४३. शिक्षक दरवन्दी मिलान र विद्यालय नक्सांकनको कामलाई अघि बढाइने छ ।

४४. Learning For You, Teaching For Us लाई प्रभावकारी बनाउन नवप्रविधियुक्त Act On Education, Recreation Center and E-Library **लाई** Piloting Programme को रुपमा संचालनमा ल्याइने छ ।

४५. **शारदाको शिक्षा क्षेत्रलाई प्रभावकारी र गुणस्तरीय बनाउन** Education Research **लाई अगाडि बढाइने छ ।**

४६. Investment on Education for well manpower production अन्तर्गत गरिब तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्नको लागि उचित व्यवस्था मिलाइने छ ।

४७. सल्यान बहुमुखी क्याम्पस खलंगालाई आंगिक क्याम्पस बनाउन आवश्यक पहल गरिने छ ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

## <u>कृषि क्षेत्र</u>

४८. उत्पादन र उत्पादकत्व वृद्धिका लागि परम्परागत खेति प्रणालीलाई सुधार गरी आधुनिक व्यावसायिक खेति प्रणाली अवलम्वनमा जोड दिईने छ।

४९. कृषि खेतीलाई व्यावसायिक बनाउनका लागि पकेट तथा ब्लक कार्यक्रम मार्फत उच्च मुल्य (High Value) का वाली वस्तुको खेतिमा जोड दिईने छ।

५०. आधुनिक व्यवासायिक कृषि खेतिको लागि आवश्यक कृषि यान्त्रिकरण तथा पुर्वाधारका कार्यक्रम सञ्चालन गरिने छ।

५१. कृषिजन्य वाली वस्तुमा रासायनिक विषादिको प्रयोगलाई न्युनिकरण गरी अर्गानिक खेतिलाई बढावा दिईने छ।

५२. कृषि उत्पादनमा बृद्धि गर्नका लागी साना सिंचाई, थोपा सिचाइँ तथा पानी संकलन आयोजना सञ्चालन गरिने छ।

५३. कृषि उपज भण्डारणको लागि शित भण्डार (Cold Store) निर्माणको लागि आवश्यक पहल गरिने छ।

५४. कृषक अनुदान, उत्पादनमा आधारित अनुदान, सहुलियत कर्जाजस्ता किसान मैत्री कार्यक्रम संघिय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकायको साझेदारी तथा सहकार्यमा सञ्चालन गरिने छ।

५५. कृषि पर्यटनको माध्यमबाट धार्मिक तथा सार्वजनिक स्थल वरपर फलफुल खेतीलाई प्राथमिकताका साथ अगाडि बढाईने छ।

५६. व्यावसायिक पुष्प खेतीलाई प्राथमिकताका साथ संचालनमा ल्याइने छ।

५७. नगर भित्रका व्यावसायिक कृषकहरुको क्षमता विकासका लागि तालिम तथा अवलोकन भ्रमणजस्ता कार्यक्रम सञ्चालन गरिने छ।

५८. कृषि उत्पादनको प्रशोधन र प्रवर्द्धन गर्नका लागि वडा नं. १४ माल्नेटामा **अदुवा प्रशोधन केन्द्र** स्थापना गरिने छ।

५९. कृषिजन्य वस्तुहरुको बजारीकरणका लागि प्रमुख बजारहरुमा कृषि संकलन केन्द्रको स्थापना गरी हाट बजारको उचित व्यवस्था मिलाइने छ।

६०. कृषकसंग स्थानीय सरकार कार्यक्रमअन्तर्गत **मेयर उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम** सञ्चालन गरिने छ।

६१. गरिवी निवारणका लागि कृषि जन्य साना लघु उधम कार्यक्रम सञ्चालनमा ल्याईने छ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

<u>पशु विकास क्षेत्र :</u>

६२. छाडा गाईवस्तु तथा चौपायाहरुको व्यवस्थापनको लागि गौशाला निर्माण गरी प्राङ्गरिक र कम्पोष्ट मलको उत्पादनमा जोड दिइने छ।

६३. गोठ खोरको सुधार गरी निरोगी तथा स्वस्थ पशुपन्छी जन्य पदार्थहरुको उत्पादनमा जोड दिईने छ।

६४. **'पशुपंक्षीको नश्लसुधार : आम्दानी र रोजगारीको आधार'** भन्ने अभियान अन्तर्गत नश्लसुधारका लागि कृत्रिम गर्भाधारण कार्यक्रमलाई निशुल्क र प्रभावकारी बनाइनेछ। साथै पशु उपचारका लागि आबश्यक औषधिहरु निःशुल्करुपमा उपलब्ध गराइनेछ।

६५. शारदा नगरपालिका पशु सेवा शाखाको आफनै प्राइमरी प्रयोगशाला स्थापना गरी रोग निदान तथा उपचारमा थप सेवा प्रवाहा गरीने छ ।

६६. छाडाँ भुस्या कुकुरहरुलाई spaying and vaccinenation प्रबिधिद्धार बन्ध्याकरण गरी भुस्या कुकुरहरुबाट उत्पन्न हुने क्षती कम गरीने छ ।

६७. बजार क्षेत्र र खैरावाड. भगवती मन्दिरको आसपासमा बधुवा प्रणालीमा आधारित लोकल कुखुरा फर्महरुको पकेट क्षेत्र अन्तर्गत ब्लक स्थापना गरि फूल तथा मासुमा आत्मनिर्भर कार्यक्रमको लक्ष्य राखिएको छ ।

६८. सम्भाव्यताको आधारमा **पशुपन्छी पकेट ब्लक** क्षेत्रको निर्माणमा जोड दिइने छ ।

६९. शारदा नगरपालीकालाई चाहिने दुधमा आत्मनिर्भरको लागि संभावित क्षेत्रमा सम्भाबित भैसीपालन व्यवसायलाई प्रोत्साहन गरिने छ ।

७०. खाली भएको वन क्षेत्र वरपर वातावरणमैत्री तथा पशुहरुको आहारा विकासका लागि बहुबर्षे तथा एक बर्ष डाँले बहुबर्षे भुई घाँससडक किनारा र बारी काल्ला हरुमा लगाई हराभरा बाताबरण वनाउने निति अबलम्वन गरिने छ ।

७१. जुनोटिक रोग तथा पशुहरुमा लाग्ने महामारी रोगबाट बचाउन समय अनुसारका खोप तथा उपचार सेवामा सुधार ल्याउने नीति अबलम्बन गरीने छ ।

७२. परम्परागत रुपमा संचालन भैइरहेका गोठ खोर लाई आधुनिकिकरण तथा सुधारमा जोड दिईने निति लिईने छ ।

७३. बाँझोपन निवारण तथा पशु स्वास्थ्यमा सुधार ल्याउन पशु स्वास्थ्य शिविर संचालनमा जोड दिइने छ ।

७४. उत्पादनका आधारमा उष्कृष्ट कृषक छनोट गरी नगरपालिकाबाट सम्मानका साथ पुरस्कृत गरिने नीति अवलम्बन गरिने छ ।

७५. बजारक्षेत्रमा संचालन रहेका भेटनरीजन्य औषधि पसल/फार्महरु तथा मासु पसललाई अनुगमन गरी मापदण्डबमोजिम संचालनको दायरामा ल्याइने छ ।

७६. नगरपालिकाभित्र रहेका गाई भैसिहरुमा किसानको जोखिम न्युनिकरणका लागि पशु बीमा कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

७७. नगरपालिकाभित्रका छाडा पशु चौपायाहरुको उचित व्यवस्थापनको लागि कार्यविधि बनाई प्रभावकारी र दिगो व्यवस्थापन गरिने छ ।

७८. बजार क्षेत्रभित्र रहेका बधशालालाई नियमन गरी मापदण्डबमोजिम संचालनमा ल्याइने छ ।

७९. नगरभित्रका व्यावसायिक कृषकहरुको क्षमता विकास र ज्ञान आर्जनको लागि तालिम तथा अवलोकन भ्रमणजस्ता कार्यक्रम सञ्चालन गरिने छ ।

८०. कृषकसंग स्थानिय सरकार कार्यक्रम अन्तरगत मेयर उत्कष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन गरिने छ ।

## पूर्वाधार विकास

८१. यातायात क्षेत्रको व्यवस्थापनका लागि आधुनिक बसपार्क निर्माणको कार्यलाई अगाडि बढाइने छ ।

८२. आ.व. २०७८।०७९ मा संचालित क्रमागत आयोजनाहरूलाई निरन्तरता जोड दिइने छ ।

८३. शारदा नगरपालिकामा संघ र प्रदेशबाट बजेट विनियोजन भई सञ्चालन हुने पुर्वाधारको लागि समपुरक कोषको उचित व्यवस्था गर्न विशेष जोड दिईने छ ।

८४. शारदा नगरवासी जनताको आगवमनमा सहज र सरल बनाउन नगर बस संचालनमा ल्याइने छ ।

८५. नगरपालिकाका सबै वडालाई व्यवस्थित सडक संजालमा जोडिने छ ।

८६. १५ वटै वडाहरूको वडा केन्द्रमा बाह्रै महिना सवारी साधन सहज रूपमा आवागमन गर्न उक्त सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नतीमा जोड दिइने छ ।

८७. सवै वडा कार्यालयका आफ्नै भवन निर्माण गरी सार्वजनिक सेवा प्रवाह गर्नको उचित व्यवस्था मिलाइने छ ।

८८. शारदा नगरस्तरीय चक्रपथ (Ring road) निर्माण कार्यको अवधारणा विकास गरिने छ ।

८९. नगर क्षेत्रभित्र विद्युतीकरण गर्न बांकी रहेका सवै वडाका टोल बस्तीमा विद्युतीकरण गर्न पहल गरिनेछ ।

९०. नगरको आवश्यकता अनुसार वृहत आयोजनाहरू कार्यान्वियन गर्न दातृ निकायहरूसंग सहकार्य र समन्वय गरिने छ ।

९१. मानव वस्ती विकास, सहरी विकास योजना, आवासीय तथा प्रशासनिक भवन निर्माणको लागि आधारभूत मापदण्डलाई प्रभावकारी कार्यान्वियन गरिनेछ ।

९२. नगरभित्र संभाव्यता अध्ययन गरी नगरको सुन्दरता बढाउन पार्कहरू तथा व्यवस्थित रूपमा सवारी साधनहरूको पार्किङ स्थल निर्माण कार्य अगाडी बढाईनेछ ।

९३. वर्षायामको पानी व्यवस्थापन गर्नको लागि ढलनिकासको व्यवस्थापन गरिने छ ।

९४. सार्वजनिक शौचालय व्यवस्थापनको लागि कार्यविधि तयार गरी संचालन प्रक्रिया अगाडि बढाइने छ ।

९५. पूर्वाधार निर्माण कार्यको गुणस्तर परिक्षण गर्नको लागि नगरपालिकामा ल्याब स्थापना गरी परिक्षण गर्ने कार्य अगाडि बढाइने छ ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

**<u>वन र वातावरण</u>**

९६. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनलाई न्यूनिकरण गर्न विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

९७. फोहरमैला संकलन तथा उचित व्यवस्थापन कार्यविधिलाई समयानुकुल परिमार्जन तथा संशोधन गरी कार्यान्वयनमा ल्याइने छ ।

९८. वन तथा भू-संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण, जलाधार संरक्षण, जलवायू पविर्तन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

९९. परम्परागत तथा सांस्कृतिक ताल, तलाउ र पोखरीलाई संरक्षण,पुर्नःनिर्माण तथा पुर्नस्थापित गरिनेछ ।

१००. भु–उपयोग नीति तर्जूमा तथा जथाभावी जग्गा पल्टिङ गर्ने कार्य नियन्त्रण गरी सुव्यवस्थित आधुनिक शहर निर्माणको आधार तयार पारिने छ ।

१०१. शारदा नगरपालिका भित्र उत्पादित कृषि खेतीयोग्य भुमीमा आधुनिक उपकरण प्रयोग, जग्गा प्लटिङ्ग कार्यलाई निरूत्साहित पारिदै लगिने छ ।

१०२. अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरूको उचित व्यवस्थापन गरिने छ ।

१०३. फोहरमैला व्यवस्थापन तथा बर्गिकरण क्षेत्र (Sanitary Land Fill site ) लाई व्यवस्थित गरिने छ ।

१०४. मानव जीवन तथा उपभोक्तासंग प्रत्यक्ष सरोकार राख्ने औषधी पसल, मासु पसल, पशुपंछी तथा विषादी वेचविखन गर्ने पसलहरूको अनुगमन नियमन गरि कानुनी दायरामा ल्याइने छ ।

१०५. बाह्रै महिना विभिन्न बस्तीहरूमा हरियाली छाउन डालेघाँस, फलफुलका विरूवाहरूको वृक्षारोपण कार्यमा जोड दिईने छ ।

१०६. शारदा नगरपालिकाभित्र रहेको सार्वजनिक जग्गा वा अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरूको लगत संकलन गरी वृक्षारोपण कार्य गरिने छ ।

१०७. वन सम्बन्धि कार्यको अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने र वन सुशासन कायम गरिनेछ ।

१०८. सडक, नदी, किनारा, सार्वजनिक स्थान र प्रत्येक निजी घरधनीले वार्षिकरूपमा कम्तीमा एक विरूवारोपण कार्यलाई प्रवर्द्धन गर्दै नगरपालिका हरियाली कार्यक्रम सञ्चालन गरिने छ ।

## खानेपानी तथा सरसफाइ व्यवस्थापन

१०९. खानेपानीको समस्यालाई दीर्घकालीन समाधानको लागि नगरस्तरीय खानेपानी गुरुयोजना निर्माण गरिने छ ।

११०. फोहरमैला व्यवस्थापन तथा बर्गिकरण क्षेत्र (Sanitary Land Fill site ) लाई व्यवस्थित गरिने छ ।

१११. नगरका सवै वडा क्षेत्र र गाउँ सम्म सुलभ तरिकाले खानेपानीको सुविधा पुऱ्याउने कार्यलाई प्राथमिकता दिईनेछ ।

११२. १५ वटै वडामा खानेपानी आयोजनाको मर्मत सम्भारको व्यवस्थापन गरिने छ ।

११३. खानेपानीका लागि प्रत्येक टोल बस्तीमा रहेका संरचनालाई व्यवस्थित गर्ने नपुगेका ठाउंहरूमा स्वच्छ सफा खानेपानी व्यवस्था गरिने छ ।

११४. **स्वच्छ खानेपानी : स्वस्थ जिन्दगानी** लाई मूर्त रुप दिन खानेपानी तथा सरसफाई गुरुयोजनालाई कार्यान्वयन गरिनेछ ।

११५. **एक घर, एक धारा** अभियानलाई सफल पार्न नगरका सबै घरधुरीमा शुद्ध र गुणस्तरीय पिउने पानी पुऱ्याउने अभियानलाई निरन्तरता दिईनेछ ।

११६. नगर क्षेत्रका खानेपानीका मुहानहरुको पहिचान, संरक्षण र व्यवस्थापन गरिनेछ ।

११७. चालु आर्थिक वर्षमा सम्झौता भएका खानेपानी व्यवस्थापन पक्षलाई प्रभावकारी कार्यान्वयन पक्षमा जोड दिइने छ र उक्त खानेपानी योजनालाई छिटो छरितो, दिगो र भरपर्दो व्यवस्थापन गर्न थप प्राविधिक कर्मचारीको व्यवस्था गरिने छ ।

**११८.** पानी गुणस्तर मापन प्रयोगशाला निर्माण र दक्ष जनशक्तिको व्यवस्थाको प्रक्रियालाई अगाडि वढाइनेछ ।

११९. फोहरमैला संकलन तथा उचित व्यवस्थापन कार्यविधिलाई समयानुकुल परिमार्जन तथा संशोधन गरी कार्यान्वयनमा ल्याइने छ ।

## सहकारी र उद्यमशिलतातर्फ

१२०. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत वेरोजगार युवा युवती तथापिछडिएका समुदायमा सीप विकासका तालिमहरू आयोजना गरिने छ ।

१२१. उद्यमशिलता प्रर्वद्धनका लागि प्रविधी हस्तान्तरण गरिने छ।

१२२. असल उद्यम अभ्यासको अनुसरणलाई जोड दिइनेछ।

१२३. नगरवासीहरूमा उद्यमशिलताको विकास तथा साना ठूला उद्योग व्यवसाय सञ्चालनमा सहजिकरणगरिनेछ ।

१२४. सीप र दक्षता भएका कुनै पनि नागरिकहरू वेरोजगार नहुन भन्ने दृष्टिकोणका साथ नगर भित्र रोजगार तथा आयमुलक कार्यक्रमहरू सम्बन्धित निकायहरू संग समन्वय राखी अनिवार्य रूपमा प्राथमिकताका साथ सञ्चालन गरिने छ।

१२५. गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरू तयार गरिने छ ।

१२६. शारदा नगरपालिकास्थित सवै प्रकारका सहकारी संस्थाहरूको क्षमता बृद्धि र सहकारी शिक्षामा जोड दिइने छ ।

१२७. एउटै प्रकृतिका सहकारी संस्था दर्ता गर्न कडाइ गरिनेछ भने सहकारीबाट गुणस्तरीय सेवा सर्व सुलभ रूपमा प्रदान गर्न प्रोत्साहन गरिने छ ।

१२८. लघु उद्यम विकासमार्फत सीप र दक्षता भएका नागरिकहरूलाई स्वरोजगारको लागि स्थानीय स्रोत साधन र कच्चा पदार्थहरूको प्रयोगमा विशेष जोड दिइने छ ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

**<u>सार्वजनिक सेवा र सुशासन</u>**

१२९. शारदा नगरपालिकाको संस्थागत स्वमुल्याकंन (Local Government Institutional SelfAssessment (LISA) गरि कमजोर र सबल पक्षको पहिचान गरी कार्ययोजना निर्माण र कार्यान्वयन गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

१३०. विषयगत कार्य योजनाको आधारमा कर्मचारीको संस्थागत क्षमता अभिबृद्धिका लागि तालिम ,भ्रमण स्थलगत अबलोकन गराउने व्यवस्था मिलाइने छ। ,

१३१. सामयिक नविनतम आधुनिक सूचना तथा प्रविधिको अबलम्वन गरी सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाह मार्फत आम जनतालाई सुसुचित गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

१३२. नगरपालिकाअन्तर्गत नगर कार्यपालिकाको कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुले कार्यालय समयबाहेक बिहान र बेलूका तथा सार्वजनिक बिदाको दिन काम गरेवापत अतिरिक्त तथा प्रोत्साहन भत्ताको उचित व्यवस्था गरिने छ ।

१३३. नगरपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरुलाइ विशेष सम्मान तथा कदर र पुरस्कारको माध्यमबाट आकर्षित गर्ने नितिलाइ महत्व दिइने छ।

१३४. कर्मचारीहरुको मनोबललाई उच्च बनाई थप उत्प्रेरित गर्न अवलोकन भ्रमणलाई उपलब्धिमूलक बनाउन कर्मचारीहरुलाई सेवासुविधासहित पर्यटन काजको व्यवस्था मिलाईनेछ ।

१३५. नगरपालिकाको क्षेत्राधिकारभित्र क्रियाशिल गैरसरकारी संघसंस्थाको कार्यक्रमलाई प्रभावकारि बनाउन अनिवार्य रुपमा नगरपालिकाको बजेट सिमाभित्र समावेश गर्ने नीति अबलम्वन गरिनेछ।

१३६. नगरपालिकाको कार्यालय र वडा कार्यालयको आफ्नै भवन निर्माण गरी आफ्नै भवनबाट गुणस्तरीय र सर्वसुलक सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ ।

१३७. न्यायिक समितिको कार्यलाइ प्रभावकारि बनाउन नमुना कानूनको अभ्यास गरिनेछ।

१३८. **"विवादमा समाधानमा, प्राथमिकता मेलमिलापमा** "भन्ने नाराका साथ स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, वार्ता आदि तवरले आपसी समझदारी र मेलमिलाप विधिबाट न्यायका मान्य सिद्धान्तको अधिनमा रही नगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र पहुँचयोग्य एवम् विश्वसनीय बनाइने छ ।

१३९. न्यायिक समितिको काममा चुस्त ,दुरुस्तता ,गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण गरिनेछ ।

१४०. न्याय सम्पादन प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि क्षमता अभिवद्धि कार्यक्रमको व्यवस्था गरिने छ ।

१४१. न्यायिक समितिलाई प्रभावकारी बनाउदै न्यायमा सबै जनताको सहज पहुंच पुर्याउन कानुनी शासन (Rule of Law) स्थापनामा जोड दिइने छ।

**<u>सूचना तथा प्रविधि</u>**

१४२. शारदा नगरपालिकाबाट गरिने भुक्तानी प्रणालीलाई सरल, सुलभ र छिटो छरितो बनाउन आगामी आर्थिक वर्षदेखि विद्युतीय भुक्तानी प्रणाली (E-payment) अवलम्वन गरिने छ ।

१४३. सबै वडा र नगरपालिका क्षेत्रभित्र ईन्टरनेटको सेवालाई प्रभावकारी वनाइनेछ ।

१४४. नगरपालिकावाट प्रवाह हुने सेवा, वस्तु र सुविधाहरुमा सरोकारवाला नागरिकहरुको पहुँच वृद्धि गरि नगरपालिकालाई अझ बढि जवाफदेही र उत्तरदायी वनाउन तथा आम नागरिक र स्थानीय सरकारका विचमा दोहोरो सम्वाद स्थापित गर्न Toll Free Call Center संचालनमा ल्याइने छ ।

१४५. कार्यालयमा सबैले देख्ने गरी डिजिटल नागरिक वडापत्र (Digital Citizen Charter) व्यवस्था गरिनेछ ।

१४६. **“सूचना तथा संचार : दिगो विकासको आधार”** अन्तर्गत Digital Sharada निर्माणमा प्राथमिकता दिईनेछ ।

१४७. नगरपालिकाबाट हुने गतिविधिलाई कानुनबमोजिम वेवसाइटमार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४८. नगरपालिकाको कार्य प्रगति तथा गतिविधिको बारेमा वेवसाईट, सामाजिक संजाल, पत्रकार सम्मेलन, चौमासिक समिक्षा, सार्वजनिक सुनुवाई, रेडियो तथा टेलिभिजन कार्यक्रम आदिमार्फत जानकारी गराइनेछ ।

१४९. विद्युतिय शासन (E-governance) प्रभावकारी रुपमा सफल बनाउन सबै कर्मचारी र जनप्रतिनिधीहरुलाई Digital Awareness अनुशिक्षण तालिममा जोड दिईने छ ।

१५०. आमसञ्चारका माध्यमहरुको सहकार्यमा सचेतनामुलक सामग्री प्रकाशन र प्रसारणमा जोड दिइनेछ ।

**राजस्व परिचालन**

१५१. आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाई आत्मनिर्भर नगरपालिका बनाउनतर्फ उन्मुख हुंदै करको दायरा फराकिलो बनाइने र कर प्रणालीलाई व्यवस्थित बनाउन Digital Tax Policy अवलम्वन गरिनेछ ।

१५२. व्यवसाय दर्ता तथा नविकरण वडा कार्यालयबाट गर्ने व्यवस्था गरिनेछ ।

१५३. राजस्वसम्बन्धि जनचेतना अभिवृद्धिको लागि सूचना तथा होडिङ्ग बोर्डको व्यवस्था गरिनेछ ।

१५४. आन्तरिक राजस्वका स्रोत पहिचान गरी तिनलाई परिचालन गरिनेछ ।

१५५. आन्तरिक राजस्व अनुगमन, मूल्यांकन तथा संकलन प्रणाली व्यवस्थित गराउन राजस्व परामर्श समितीलाई प्रभावाकारी बनाइ नेछ ।

१५६. समयमै कर तिर्ने करदाता, बढी कर तिर्ने करदाता र राजस्व बढाउन सहयोग गर्ने करदातालाई सम्मान गर्ने नीति अंगीकार गरिनेछ ।

१५७. ढुङ्गा, बालुवा, गिट्टी र प्राकृतिक स्रोत कानुन बमोजिम संकलन गर्ने कार्यलाई व्यवस्थित रुपमा संचालन गरी नियमित रुपमा अनुगमन गरिनेछ ।

आदरणीय नगरसभाका सदस्यहरु,

**संस्कृति तथा पर्यटन**

१५८. नगरभित्रका क्षेत्रमा जिप फ्लायर र वन्जी जम्पिङ्ग तथा पार्क निर्माण गरी पर्यटन प्रवर्द्धनका लागि नगरस्तरीय पर्यटन गुरुयोजना निर्माण गरिने छ ।

१५९. धार्मिक एवम् प्राकृतिक क्षेत्रमा पर्यटन प्रवद्र्धन र विकासको योजनासहित स्थानीय युवालाई तालिमको व्यवस्था गरिने छ ।

१६०. खैरावाङ्ग मन्दिर क्षेत्रलाई संरक्षण गदै पर्यटकलाई विश्रामका लागि पार्क निर्माण गरिने छ ।

१६१. खैरावाङ्ग मन्दिर जाने मोटरबाटोलाई कालोपत्रे गरी सहज रुपमा आगमन हुने गरी बजेटको उचित व्यवस्था गरिने छ ।

१६२. शारदा नगरपालिकाभित्रका रमणीय स्थानहरुमा पर्यटकहरुको लागि होम स्टे–निर्माणको उचित व्यवस्था मिलाइने छ ।

१६३. पर्यटकीय क्षेत्रको पहिचान र विकासमा विशेष योजना तयार गरी आन्तरिक तथा बाह्य पर्यटन आकर्षणको विशेष प्याकेज तयार गरिने छ ।

१६४. सामुदायिक पुस्तकालय र टोल टोलमा बाल उद्यान निर्माण गरिने छ ।

१६५. स्वच्छ, सफा र पर्यटनमैत्री बस्तीको विकास गर्दै स्वास्थ्य पार्कको निर्माण गरिने छ ।

**<u>महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्ग</u>**

१६६. अति असक्त जेष्ठ नागरिक र पूर्ण अपांग भएका व्यक्तिलाई घरदैलोमा गई बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी रुपमा संचालन गरिने छ।

१६७. "**दिर्घ जीवन, ईश्वरको वरदान**" भन्ने नाराका साथ ९० वर्ष उमेर पूरा भएका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रम सञ्चालन गरिने छ।

१६८. सामाजिक सुरक्षा भत्ता नलिने व्यक्तिहरुलाई सम्मानको उचित व्यवस्था मिलाइने छ ।

१६९. बालबिबाह तथा बहुविवाहविरुद्ध प्रचारप्रसारसहित घरदैलो अभियान कार्यक्रम सञ्चालन गरिने छ।

१७०. महिला सशक्तिकरण तथा अपांगता भएका व्यक्तिहरुलाई क्षमता अभिवद्धि कार्यक्रम अगाडि बढाइने छ ।

१७१. एकल महिलालाई आत्मनिर्भर बनाउन आयआर्जनसम्वन्धि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

१७२. बालअधिकार संरक्षण तथा बालबालिकाको नेतृत्व विकासका लागि बाल क्लब,बाल सन्जाल र पालिका स्तरिय बालसन्जाल स्थापना गरिनेछ ।

१७३. महिला,अपांग ,बालबालिका , पिछडिएको वर्गएकल ,दलित , महिलाद्धन्द्ध पिडितको , ,सम्मानप्रवर्द्धन र सशक्तीकरण गर्न विशेष कार्यक्रम सन्चालन गरिने ।

१७४. सहकारी क्षेत्रको विकास तथा क्षमता अभिवृद्धिका लागि अनुशिक्षण तालिम सञ्चालन गरिने छ।

१७५. वडातहसम्म लैंगिक समानता र सामाजिक समावेशिकरणको सहभागितात्मक विकास प्रक्रिया अबलम्बन गरिने छ ।

१७६. युवा स्वरोजगारको लागि विभिन्न आयमुलक तथा सिपमुलक कार्यक्रम सञ्चालन गरिने छ ।

१७७. समन्वयात्मक रुपमा वाल वचाउ कार्यक्रम,वालश्रम निषेध,वाल अधिकार तथा घरेलु हिंसा विरुद्धको कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१७८. वडा तहसम्म लैंगिक समानता र समाजिक समावेशीकरणको सहभागितात्मक विकास प्रक्रिया अवलम्बन गरिने छ ।

१७९. महिला, बालबालिका, अपांग, पिछडिएको बर्ग, दलित, एकल, द्धन्द्धपीडितको सम्मान, प्रवद्र्धन र सशक्तिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१८०. व्यवस्थापन सूचना प्रणाली (MIS) मार्फत व्यक्तिगत घटना दर्ता प्रणाली व्यवस्थित गरी व्यक्तिगत घटना दर्तालाई डिजिटाइजेशन गरिनेछ।

**युवा तथा खेलकुद**

१८१. सबै सामुदायिक विद्यालयका छात्राहरुलाई आत्मरक्षाको तालिम प्रदान गरिने छ ।

१८२. विपद व्यवस्थापनमा लागि प्रत्येक टोलमा युवा Task Force गठन गरिने छ ।

१८३. सबै विद्यालयहरुमा भलिवल कोट निर्माण गरिने छ । महिला भलिवललाई प्रोत्साहन गरिने छ ।

१८४. एक घर, एक प्राविधिक जनशक्ति उत्पादनलाई जोड दिइने छ ।

१८५. युवा स्वरोजगार कार्यक्रम संचालन गरिने छ ।

१८६. युवा प्रतिभाको पहिचान र खोजी गरी दक्ष तथा सिपयुक्त युवाहरुलाई रोजगार सिर्जना गरिनेछ ।

१८७. युवाहरुलाई उद्यमशिलतातर्फ आकर्षित गर्न शिक्षामा युवा उद्यमशिलतालाई जोडिनेछ ।

१८८. खेलकूदका पूर्वाधार तथा संरचनाहरु निर्माण गरी मेयरकप फुटवल, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, विद्यालयभित्र अतिरिक्त क्रियाकलाप अन्तरगतका खेलकुदहरु, वडा स्तरीय प्रतियोगिताहरुलाई निरन्तरता दिइनेछ ।

१८९. उप–मेयरसँग किशोरी कार्यक्रम अन्तर्गत प्रजनन स्वास्थ्य तथा यौन शिक्षा एवम् लैंगिक विभेद विरुद्धको अभियान सबै माध्यमिक विद्यालयमा संचालनमा ल्याइने छ ।

१९०. मेयरसँग युवा कार्यक्रम अन्तर्गत लागु पदार्थ दुव्यर्सनविरुद्ध सचेतना कार्यक्रम संचालनमा ल्याइने छ ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

समग्रमा माथि उल्लेखित विषयगत क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा शारदा नगरपालिकालाई **"Green Sharada, Clean Sharada"** को रुपमा कायम गर्न विशेष जोड दिइने छ ।

अन्त्यमा, नगरपालिकाको आवश्यकता र लक्ष्यलाई प्राथमिकतामा राखी यस बार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिकालाई सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु । यस नगरपालिकाको विकासमा योगदान गर्ने राजनीतिक दल, राष्टसेवक कर्मचारीहरु, नीजिक्षेत्र, बुद्धिजीविहरु, सञ्चारमाध्यम, सम्पुर्ण नगरवासी दाजुभाई तथा दिदिबहिनीलाई हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद ।**

प्रकाश भण्डारी
(नगर प्रमुख)
शारदा नगरपालिका
खलंगा, सल्यान